# राष्ट्रिय दुग्ध विकास बोर्ड

## दुग्ध विकास समाचार

वर्ष-१८ | अंक-०१ | साउन-असोज २०८०/८१


## १. आ.व. २०८०/०८१ बोर्डको बजेट तथा कार्यक्रम

२०८०/०८१ को बोर्डको वार्षिक कार्यक्रम तथा बजेट विगत वर्षहरूदेखि करिब-करिब उस्तै शीर्षकहरूलाई निरन्तरता दिएको छ । यस आ.व. को कूल बजेट रु. ५ करोड ९८ लाख २२ हजार रुपैंया विनियोजित मध्ये कार्यक्रम सञ्चालनतर्फ रु. १ करोड ७७ लाख ५० हजार (२९.६७ प्रतिशत) रहेको हो । अघिल्लो वर्षको तुलनामा कुल बजेटमा ८.५३ प्रतिशतले घटेको छ । त्यस्तै कार्यक्रमतर्फ गत वर्षको तुलनामा बजेट २३.१६ प्रतिशतले घटेको छ ।

यस वर्षको मुख्य-मुख्य कार्यक्रमहरूमा दुग्ध विकास नीति, २०७८ को कार्यान्वयन कार्यविधि तयार, बोर्डको ऐन २०४८ को संशोधन, राष्ट्रिय दुग्ध सूचना प्रणाली प्रयोगको बारेमा सरोकारवालाहरूसँग अभिमुखीकरण, स्थानीय तथा सरोकारवाला निकायहरूसँगको समन्वयमा अनौपचारिक क्षेत्रबाट बिक्री हुने दूधलाई औपचारिक क्षेत्रमा ल्याउन अभिमुखीकरण, दूधको गुणस्तर परीक्षण, दुग्ध पदार्थको प्रोटिन परीक्षणका लागि Kjeldahl analysis set खरिद गर्ने कार्यक्रम रहेको छ । अध्ययनहरू अन्तर्गत दूधको उत्पादनमा प्रदेश सरकार तथा स्थानीय तहबाट दिइएको अनुदान रकमको प्रभावकारीता, दूधको उत्पादन लागत तथा लागत कम गर्ने उपाय, दुग्ध उद्योगले दूध तथा दुग्ध पदार्थको प्रशोधन तथा ढुवानीमा लाग्ने लागत र दूधको मूल्य निर्धारणका लागि एस.एन.एफ. र फ्याट प्रतिशत निर्धारण रहेको छ । त्यस्तै दूधको गुणस्तर परीक्षणका लागि प्रयोगशाला तालिम, प्रदेश स्तरमा दुग्ध पदार्थ विविधिकरण सम्वन्धि प्राविधिकलाई ToT तालिम, दुग्ध उद्योगमा असल उत्पादन अभ्यास (GMP/HACCP) तालिम र दुधालु गाई भैंसीको आहारा एवं व्यवस्थापन तालिम रहेको छ। विगत वर्षदेखि प्रयोगमा आएको दूध तथा दुग्ध पदार्थको ढुवानी सवारी साधनमा प्रयोग हुने प्रतिक चिन्ह (लोगो) को प्रचार प्रसारका लागि प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम रहेको छ। दूध तथा दुग्ध पदार्थको उपभोगमा वृद्धि गर्ने सञ्चार माध्यमबाट प्रचार-प्रसार गर्ने कार्यक्रम रहेको छ। बोर्डले गर्दै आएको विगतका कार्यक्रमहरूको प्रभावकारीताको अनुगमन सहित No return को अनुगन समेत रहेको छ।◇

## २. हेलेज (Haylage) निर्यातः नेपाल चीन बीच आर्थिक सहयोगमा कोशेढुङ्गा

नेपाल भ्रमणका क्रममा रहँदा चिनियाँ विदेशमन्त्री Wang Yi ले नेपालबाट हेलेज आयात गर्न सहमत भई दुई देशबीच 'नेपालबाट चीनमा घाँस निकासीको प्रोटोकल' नामक दस्तावेजमा सन् २०२२ को मार्चमा हस्ताक्षर गरेका थिए ।

फूल फुल्न लागेको हरियो मकै, नेपियर र सोरगम प्रजातिका घाँसलाई स-सानो टुक्रा बनाएर घाँसमा रहेको जलाँश ५० देखि ६० प्रतिशतसम्म सुकाएर हावारहित प्लाष्टिकमा बेरेर (Wrapped with air proofing) फर्मन्टेशनका लागि कम्तिमा १३० दिनसम्म भण्डारण गरी हेलेज (Haylage) तयार गरिन्छ । यसमा सुक्खा घाँस (हे) को तुलनामा अधिक आर्द्रता हुन्छ भने साइलेजमा भन्दा कम हुन्छ । हिउँदमा पशुको आहारा अभाव हुँदा यसले सहयोग गर्दछ । चिनियाँ लगानीमा सञ्चालित

# राष्ट्रिय दुग्ध विकास बोर्ड

हरिहरभवन, पुल्चोक, ललितपुर, नेपाल

## सम्पादक मण्डल

संयोजक : डा. बालक चौधरी

सदस्यहरू : विदुर राई

डा. हसना मैया श्रेष्ठ

श्याम सुन्दर यादव

दिपेन्द्र अधिकारी

सल्लाहकार : डा. राजेन्द्र प्रसाद यादव


## यसभित्र


१. आ.व.२०८०/०८१ बोर्डको बजेट तथा कार्यक्रम
२. हेलेज (Haylage) निर्यातः नेपाल चीन वीच आर्थिक सहयोगमा कोशेढुंगा
३. हरेक शनिवार निशुल्क मोही सेवन
४. खुल्ला दूध तथा दुग्ध पदार्थ सम्वन्धि काठमाडौं महानगरपालिकाको निर्देशन
५. लम्पी स्किन रोग एक चिनारी
६. कृषि मन्त्री र सरोकारवालाहरूवीच बोर्डमा छलफल
७. दूधको खरीद विक्री औपचारिक क्षेत्र मार्फत जोड
८. दुग्ध क्षेत्रमा प्रयोग हुने कच्चा र तयारी वस्तुको आयातमा कर प्रणाली
९. कच्चा दूध तथा दुग्ध पदार्थ उत्पादनको बजार गतिशिलता
१०. नेपालमा धुलो दूधको माग तथा आपूर्ति
११. राष्ट्रिय दुग्ध सूचना प्रणाली डाटावेश (Apps.)
१२. दूधको गुणस्तर परीक्षण
१३. दूधको उत्पादन लागत मूल्य अध्ययन
१४. विश्व दूध दिवस, २०८०
१५. दुग्ध विकास कोष
१६. सिप विकास तालिम
१७. डेरी फर्म तथ्याङ्क (२०७८/०७९)
१८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीलाई बोर्डमा स्वागत
१९. केन्द्रिय दुग्ध सहकारी संघको अध्यक्षमा अमर बहादुर कुँवर
२०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छीतर्फ) सचिवमा डा. रेवती रमण पौडेल
२१. पशु सेवा विभागको महानिर्देशकमा डा. उमेश दाहाल





नेपाल होराइजन इन्टरनेशनल प्रा.लि.ले भरतपुर महानगरपालिका-५ प्रेमबस्तीस्थित प्लान्टमा घाँस उत्पादन भै रेहको छ ।

नेपाल होराइजन इन्टरनेशनल प्रालिका प्रमुख कार्यकारी अधिकृत Zhang Jinxiang अनुसार तीन वर्षअघि स्थापना भएको उक्त प्लान्टले वर्षमा ६० हजार टन घाँस उत्पादन गर्न सक्ने बताए । वर्षाका कारण सडकमा हुने सम्भावित अवरोधलाई ध्यानमा राखेर पहिलो खेपमा ८२ मेट्रिक टन मात्रै पठाएको छ । नेपालले केरुङको सीमा नाकासम्म हेलेज पुर्‍याएपछि चिनियाँ पक्षले त्यहाँबाट संकलन गरिराखेको छ । चिनियाँहरूले हेलेज याक लगायत अन्य पशुहरूलाई खुवाउन प्रयोग गर्छन् । चिनियाँ बजारमा एक मेट्रिक टन घाँसको २४ हजार नेपाली रुपैयाँसम्म पर्दछ ।

प्रतिकूल हावापानीका कारण घाँस उत्पादन नहुने सहर सिगात्से (Shigatse city) मा वार्षिक २० करोड टन पशु दाना पठाउने योजनाका साथ नेपालले प्रमुख आपूर्तिकर्ताको रूपमा काम गरेको छ । होराइजन इन्टरनेशनल प्रालिले स्थानीय कृषकहरूबाट मकैको बिरुवा खरिद गर्ने, उन्नत बीउ उपलब्ध गराउने, सिँचाई प्रणालीको व्यवस्था गर्ने र प्राविधिक सहयोग प्रदान गरेको छ ।

आगामी दुई वर्षभित्र नेपालमा हेलेज उत्पादनको थप तीन, चारवटा प्रशोधन कारखाना खोल्ने रहेको कम्पनीको लक्ष्य छ । तिब्बतमा वार्षिक ४०० मे.टन घाँस निकासी गर्ने लक्ष्यका साथ देशलाई ९६ लाख वार्षिक नेपाली रुपैयाँ आम्दानी हुनेछ । निर्यातले चीनसँग नेपालको व्यापार सन्तुलनलाई सुदृढ गर्ने मात्र नभई रोजगारीका अवसरहरू सिर्जना गर्नेछ । हेलेज व्यापारले नेपाल र चीनबीचको द्विपक्षीय सहयोगलाई मात्र बलियो नबनाई कृषि क्षेत्रमा भावी सहकार्यका लागि मार्ग प्रशस्त गरेको छ । ◈

## ३. हरेक शनिवार निशुल्क मोही सेवन

हरेक शनिबार काठमाडौंको दरबारमार्गमा हुँदै आएको रैथाने कृषि उपज विक्री वितरण हाटबजारमा सहभागी हुनेलाई नेपाल डेरी एशोशियसनले स्वदेशी उत्पादन प्रवर्द्धनका लागि मोही निशुल्क सेवन गराउने रैथाने एग्री प्रडक्टस बीच मिति २०८० भाद्र ९ गते एक सम्झौता भएको छ। ओरिन्टल क्याफे परिसरमा रैथाने हाटबजार सञ्चालनका लागि क्याफेसँग रैथानेको दुई वर्षको सम्झौता भएको हो । एशोसिएसनले रैथाने हाटबजारको सम्झौता अनुरुप हाटबजार चलेसम्म मोही सेवन गराउने लक्ष्य लिएको छ ।



मोही सेवन गर्दा जनताको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले बताउनुभयो । किसानको उत्पादनको बजारीकरण र उपभोक्ताको स्वास्थ्यका लागि उद्योगले सामाजिक उत्तरदायित्व बहन गर्दै मोही सेवन अभियान चलाएको दाहालले थप्नु भयो ।

ठेकीमा प्रत्यक्ष मोही पारेको पनि अवलोकन गराइनुका साथै एग्री प्रडक्टसँग गाउँघरको जस्तो ठेकीबाट मोही निकालेर अवलोकनकर्तालाई उपलब्ध गराउने व्यवस्था गरेको छ । रैथानेका अध्यक्ष तिलक ढकालले रैथाने उत्पादन प्रवर्द्धनका लागि हरेक हप्ता लगाइने हाटबजारमा एसोसिएसनको साथ पाउँदा खुशी व्यक्त गर्नुभयो ।

अभियानको उद्घाटनमा बागमती प्रदेशका पूर्व संस्कृति तथा पर्यटन मन्त्री याङ्किला शेर्पा, बागमती प्रदेश सांसद रमेश कुमार महत, मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा लगायतका वक्ताले रैथाने अभियान र मोही खुवाउने अभियानको प्रशंसा गर्नु भएको थियो । ◈

*(Photo साभार लुम्बिनी सञ्चार २० अगस्त २०२३)*

## ४. खुल्ला दूध तथा दुग्ध पदार्थ विक्रीमा काठमाडौं महानगरपालिकाको निर्देशन

काठमाण्डौ महानगरपालिका कृषि तथा पशुपन्छी विभागले खुलारूपमा दुग्ध तथा दुग्धजन्य परिकार बिक्री गर्ने पसललाई मापदण्ड कायम तथा व्यवसाय दर्ता गर्न वि.स. २०८०/०५/२७ गते सूचना जारी



गरेको छ । खुला रूपमा दूध तथा दुग्धजन्य परिकार बिक्री वितरण गर्ने डेरीलाई खाद्य ऐन, २०२३ र खाद्य नियमावली, २०२७ ले तोकेबमोजिम सञ्चय तथा बिक्री वितरण गर्नुका साथै दर्ता र नवीकरण नभएका डेरीले ३० दिनभित्र आफ्नो व्यवसाय रहेको वडा कार्यालयमा दर्ता गराउन हुन सूचित गरेको छ । ◈

## ५. लम्पी स्किन रोग एक चिनारी

**परिचय**

लम्पी स्किन रोग सन् १९२९ मा अफ्रिकाको जाम्वियामा उत्पन्न भएको गाई भैंसीको रोग हो । Poxviridae संग सम्बन्धित गाई/भैंसीमा लाग्ने रोग हो । यो रोग मानिसमा यो रोग सर्दैन ।

वि.सं. २०७७ सालको श्रावणतिर नेपालमा पनि पहिलो पटक यो रोग देखियो । हाल नेपालमा करिव ७७ वटै जिल्लाहरूमा यो रोग फैलिएको छ । गर्मी मौसममा झिंगा, लामखुट्टे, किर्नो जस्ता किराहरूको संख्यामा वृद्धि भई थप सक्रिय हुने भएकोले यस रोगको प्रकोप बढी देखिन्छ । दूध उत्पादनमा तीव्र गिरावट आउँदछ । प्रजनन समस्या आउने तथा गर्भपतन हुन सक्दछ । पशुको शरीरभरी छालामा गिर्खा गिर्खा आउँदछ र ज्वरो आउँदछ। वजन घट्ने र केहीको मृत्यु समेत हुन सक्दछ । गाई भैंसीहरूको ओसारपसार तथा व्यापारमा प्रतिबन्ध, सरसफाई लगायत समयमैं रोग विरुद्धको खोप लगाई थप



रोग फैलिनबाट रोक्न सकिन्छ ।

**रोग सर्ने तरिका**

- संक्रमित लामखुट्टे, झिंगा र किर्ना जस्ता किराहरूको टोकाइबाट ।
- संक्रमित गाईवस्तुहरूको ओसारपसारबाट ।
- सामुदायिक चरन क्षेत्र, दाना तथा पानी खाने ठाउँहरूबाट ।
- प्राकृतिक वा कृत्रिम गर्भाधानबाट ।
- पशु उपचार गर्ने क्रममा फरक गाई भैंसीहरूमा एउटै सुइको प्रयोगबाट ।
- कहिलेकाहीं प्रत्यक्ष सम्पर्कबाट ।

**लक्षणहरू**

- रोगी पशुमा उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट भन्दा माथि) देखिनु ।
- दाना पानी कम खानु ।
- दूध उत्पादन घट्नु ।
- छालामा १-५ सेन्टिमिटरको साह्रो गोलो गिर्खाहरू (सामान्यतया सुरुमा टाउको र घाँटीमा) देखिनु ।
- सामान्य संक्रमणमा गिर्खाहरूको संख्या थोरै र गम्भीर संक्रमणहरूमा पूरै शरीर ढाक्ने गरी हुनु ।
- कहिलेकाहीं गिर्खाहरू फुटेर घाउ भई औसा परेर घाउलाई थप जटिल बनाउनु ।
- थुतुनो, ओठ, मुख र नाकभित्र घाउ देखिनु ।
- आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउनु र र्‍याल काढ्नु ।
- लिम्फ नोडहरू सुन्निनु ।

**रोकथाम तथा नियन्त्रण**

- गोठमा झिंगा, लामखुट्टे तथा अन्य किराहरूको प्रकोप कम गर्न सरसफाइमा ध्यान दिनु पर्दछ र
- गोठ वरिपरि पानी जम्न दिन हुँदैन ।
- फार्ममा जैविक सुरक्षाका उपायहरू अवलम्बन गर्नुपर्दछ ।
- विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । खरिद गरी ल्याएको गाई भैंसी २८ दिनसम्म बथानबाट अलग्गै राख्नुपर्दछ ।
- लम्पी स्किन रोग भएको अवस्थामा रोग देखिएको क्षेत्रबाट पशुहरूको ओसारपसार तुरुन्त रोक्नु पर्छ ।
- पशुहरूलाई रोग लागेको शंका भएमा तुरुन्त प्राविधिक, स्थानीय तहको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा अन्तर्गतका निकायलाई तुरुन्त जानकारी दिनु पर्दछ ।
- रोग विरुद्ध खोप लगाउने- गाई भैंसी संक्रमित हुनु अघि नै खोप लगाउनु पर्छ । खोप लगाएको तीन हप्ता भित्रमा रोग विरुद्ध पूर्ण सुरक्षा प्राप्त हुन्छ ।

**उपचार**

यो भाइरसबाट लाग्ने भएकोले प्रभावकारी उपचार छैन । रोग लाग्न नदिनु रोकथामको उपायहरू गर्नु पर्दछ ।

*श्रोतः पशु सेवा विभाग, हरिहरभवन, www.dls.gov.np*

## ६. कृषि मन्त्री र सरोकारवालबीच बोर्डमा छलफल

राष्ट्रिय दुग्ध विकास बोर्डले माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री एवं बोर्डका अध्यक्ष माननीय डा. बेदुराम भुसालज्यूको प्रमुख आतिथ्यतामा दुग्ध क्षेत्रमा देखिएका समस्याहरूको बारेमा सरोकारवाला बीच छलफल गरिएको छ । सरोकारवालाहरूको समस्या र समाधानका सम्भावित उपायहरूको बारेमा बोर्डका उपकार्यकारी निर्देशका डा. बालक चौधरीले प्रस्तुतिकरण गर्नु भएको थियो ।

राष्ट्रिय दुग्ध बोर्डका कार्यकारी निर्देशक डा. राजेन्द्र प्रसाद यादव, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सहसचिव संजिव कुमार कर्ण, दुग्ध विकास संस्थानका महाप्रबन्धक संजिव झा, केन्द्रिय दुग्ध सहकारी संघ लि. नेपालका अध्यक्ष अम्बर बहादुर कुँवर, महासचिव राम आचार्य, बरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद सापकोटा, बोर्ड सदस्यद्वय सुमित केडिया र विश्वराम



खड्का, नेपाल डेरी एसोसिएसनका अध्यक्ष प्रल्हाद दाहाल, केन्द्रिय पशुपन्छी मत्स्य सहकारी संघ लि. का अध्यक्ष बाबुराम अधिकारी, डेरी साईन्स एसोसिएसनका अध्यक्ष टेक बहादुर थापा, उपाध्यक्ष सियाराम प्रसाद सिंह, डेरी उद्योग संघका अध्यक्ष राजकुमार दाहाल, चितवन दुग्ध उत्पादक सहकारी संघ लि.का अध्यक्ष किशोर बगाले एवं बोर्डका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

सरोकारवालाहरूले उठाएका समस्याहरू कच्चा दूधको उत्पादनमा भएको वृद्धिलाई व्यवस्थापन गर्ने र खपत बढाउने, उद्योगले रोकेको ५ किस्ताको भुक्तानीलाई सहज गर्ने, लम्की स्किन डिजिजलाई नियन्त्रण गर्ने विषयहरूमा छलफल केन्द्रित रहेको थियो । उद्योगीहरू र दुग्ध विकास संस्थानले बटर तथा धुलो दूधको स्टक बढी भएर समयमै किसानहरूलाई भुक्तानी गर्न नसकेको स्पष्ट पारेका थिए ।

उठेका समस्याहरू क्रमशः हल गर्न प्रयास गरिने, किसानको दूध जसरी पनि खरिद गर्न र मिल्क होलिडे हुन नदिन उद्योगीलाई आग्रह गर्दै सोही अनुसारको वातावरण तयार गर्ने माननीय मन्त्रीज्यूले आश्वासन दिनु भएको थियो । बोर्डका कार्यकारी निर्देशक डा. यादवले बोर्ड यथावत रहेकोमा सबैलाई धन्यवादसहित बधाई दिँदै अब बोर्ड शसक्त रूपमा अघि बढ्ने र दुग्ध क्षेत्रमा अग्रगामी छलाङ्ग मार्ने गरी मन्त्रीज्युको सल्लाह अनुसार अघि बढ्ने बताउनुभयो ।◇

## ७. दूधको खरीद विक्री औपचारिक क्षेत्र मार्फत जोड

नेपालमा वार्षिक कूल दूध उत्पादन २५,६६,६१४ मे.टन (कृषि तथा पशुपन्छी डायरी, २०८०) देखिन्छ । कूल उत्पादित दूधको दैनिक करिब ९ लाख लिटर औपचारिक क्षेत्र र २३ लाख लिटर अनौपचारिक क्षेत्र (खुल्ला विक्री, मिठाई पसल, चिया पसल आदि) मार्फत संकलन तथा विक्री हुने अनुमान गरीएको छ । नेपालमा बाटोघाटोको विस्तार हुने क्रम निरन्तर अगाडि बढिरहेकाले स्थानीय हाटवजार पनि थपिनेमा क्रम जारी छ । चिया पसल, मिठाई पसलहरूको संख्यामा भएको वृद्धि तथा खानपान प्रतिको जागरुकता दूध

उत्पादक स्वयम शहरोन्मुख बसाई सराईले दूध तथा दुग्ध पदार्थको माग बढ्दो छ ।

सरकारी निकायमा दर्ता नगरी स्थापना गरेको दूधको विक्री पसल, घरघरै विक्री गर्ने चलन पनि रही आएको छ । अनौपचारिक क्षेत्रको दूध औपचारिक क्षेत्रमा प्रवाह गरी उपभोक्तालाई गुणस्तरीय दूध तथा दुग्ध पदार्थ उपलब्ध गराउन सकिन्छ । औपचारिक क्षेत्रमा आउने दूधको गणना हुनु, दूधको प्रवाहको यकिन गर्न सकिने, वजार यकिन गर्न सक्ने आदि धेरै फाइदाहरू छन् । अनौपचारिक क्षेत्रमार्फत खरिद विक्री हुने दूध तथा दुग्ध पदार्थको पाकेटमा लेवल नहुने, गुणस्तर सुनिश्चित नहुने आदि अनेकौ सीमितताहरू रहेका छन् । स्थानीय सरकारले सञ्चालनमा रहेका डेरी पसल, मिठाई पसल इत्यादिलाई दर्ता गर्न लगाई असल उत्पादन अभ्यास तथा अभिमुखीकरण कार्यक्रमहरू गरी सुधार गर्नुपर्ने देखिन्छ । यसै सन्दर्भमा काठमाडौं महानगरपालिकाले २०८०/०५/२७ गतेको निर्णय अनुसार खुल्ला दूध तथा दुग्धजन्य परिकार विक्री गर्ने पसललाई मापदण्ड कायम तथा व्यवसाय दर्ता गर्ने सूचना जारी गरेको छ । ◈

## ८. दुग्ध क्षेत्रमा प्रयोग हुने कच्चा र तयारी वस्तुको आयातमा कर प्रणाली

भन्सार विभागको तथ्यांकअनुसार आ.व. २०७८/०७९ मा रु. १ अर्ब ८१ करोड बराबरको दूध आयात भएको छ भने दुग्धजन्य पदार्थबाट मात्रै ७ करोड २० लाखको आयात गरी राजस्व आर्जन भएको छ । छुर्पी निर्यातको मूल्य र दुग्धजन्य पदार्थलाई एकसाथ समावेश गर्दा निर्यात धेरै भएको छ । आयातित दुग्धजन्य पदार्थमा विभिन्न तहको भन्सार महसुल मध्ये दूधमा ९-१०%, दही, चिज, बटर मिल्कमा १४ -१५%, दूधमा आधारित शिशु आहारको लागि २०% र मक्खन, घिउ र डेयरी स्प्रेड र पाउडर दूध जस्तै होल मिल्क पाउडर र स्किम्ड मिल्क पाउडरको लागि ४०-५०% सम्म छ ।

नेपालले विभिन्न डेरी मेसिनरी आयात गर्दै आएको छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र अनुसार सन् २०२१ मा रु.४०७.४ मिलियन आयात गरिएको थियो । विगत तीन वर्षमा डेरी उपकरणको आयात तीब्र गतिमा बढिरहेको छ । सन् २०१८ मा मिल्किङ मेसिनको आयात रु. १२.८ मिलियन, २०१९ मा ६१.२ मिलियन र २०२१ मा ६०.५ मिलियन थियो ।

नेपालमा दुग्ध उत्पादन, प्रशोधन र वितरण लगायत मूल्य शृङ्खलाका विभिन्न चरणहरूमा विभिन्न कर र शुल्कहरू तिर्नुपर्ने हुन्छ । अर्कोतर्फ, दुग्ध प्रशोधन गर्ने कम्पनीहरूले कर्पोरेट आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, आयातित मेसिनरी तथा उपकरणमा भन्सार महसुल लगायत विभिन्न करहरू तिर्नुपर्ने हुन्छ । नेपालमा भ्याट दर हाल १३% रहेको छ । यसका अतिरिक्त, नेपाल सरकारले दुग्ध क्षेत्रका लागि विभिन्न कर प्रोत्साहन र छुटहरू; डेरी प्रशोधन र उत्पादनमा प्रयोग हुने केहीं उपकरणरूका लागि घटाइएको छ । दुग्ध व्यवसायमा लाग्ने आयकर दरमा हालको छुटलाई निरन्तरता दिनुपर्ने देखिन्छ । दुग्ध क्षेत्रलाई थप प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन दुग्ध उद्योगहरूमा मूल्य अभिवृद्धि कर वा करयोग्य दुग्ध उत्पादनमा भन्सार शुल्क न्यूनतम हुनुपर्ने । ◈

## ९. कच्चा दूध तथा दुग्ध पदार्थ उत्पादनको बजार गतिशिलता

जलवायु परिवर्तन, सामाजिक संरचनामा आएको परिवर्तन, आर्थिक, सांस्कृतिक र उपभोक्ताको क्रय शक्ति, रोग व्याधि, प्राकृतिक प्रकोप आदिको प्रभावका कारण समय सापेक्ष दुग्ध क्षेत्रले विभिन्न जोखिमहरूसँग सामना गर्नु परेको छ । बजार गतिशीलता, उत्पादक र उपभोक्ताबीचको सम्बन्ध, सरकारी नीति, अन्तर्राष्ट्रिय व्यापार र दुग्ध उद्योगको क्षमताले पनि बजारको गतिशीलतातालाई निकै प्रभाव पार्दछ । यसका अतिरिक्त मानव व्यवहार तथा मानवीय संवेदनशिलतालाई पनि अन्ततः बजार र बजार मूल्यलाई प्रभाव पार्छ ।

सन् २०१५ को विनाशकारी भूकम्पका कारण दूधको माग ६० प्रतिशतले घटेर ७ डेरी उद्योग र २६ चिलिङ सेन्टर बन्द हुनका साथै १६९१५ ठूला जनावरको मृत्यु भई करिब रु. १०,१४,९०० हजार पूँजी गुमाउनु पऱ्यो । भारतीय नाकाबन्दीले बिक्री नभएको ३० हजार लिटर सङ्कलन र ढुवानीमा नराम्रो असर परेको, इन्धन अभावका कारण डेरी उद्योग ५५ प्रतिशतले सञ्चालन घटाउन बाध्य भएको र संचयी दैनिक घाटा १५.५ मिलियन थियो ।

दाना तथा दानामा प्रयोग हुने कच्चा पदार्थ, कृत्रिम गर्भाधान सेवा र अन्य प्रसार सेवाको अभावका कारण कोभिड-१९ को समयमा दूध उत्पादन ३०-४० प्रतिशतले घटेको थियो । दुग्ध सहकारी संस्थामा दूध सङ्कलन, विक्री र राजस्व ५० प्रतिशतले घटेको, ८० प्रतिशतभन्दा बढी दुग्ध सहकारी पूर्ण रूपमा बन्द भयो । लघु दुग्ध उद्यमीहरूले करिब १० प्रतिशत दूध प्रयोग गरेको, कुल छुर्पीको उत्पादन आ.व. २०२०/२०२१ मा ११३४ मे. टन भयो ।

रुस-युक्रेन युद्धले इन्धनको मूल्य वृद्धि, दानाको कच्चा पदार्थ सोयाबीन मिल, सोया केक, तेल केकको आयात पनि बढेपछि दूध उत्पादन लागत बढेको, घ्यू र तेल, दुग्धजन्य पदार्थको मूल्यमा सबैभन्दा बढी वृद्धि भएको, ढुवानी लागत १६.३ प्रतिशतले बढेको हो । भूकम्प, पहिरो, चट्याङ, नाकाबन्दी, कोभिड, डेंगु लगायतका महामारी दुग्ध क्षेत्रका लागि प्राकृतिक खतराहरू हुन् । भौतिक, सामाजिक, आर्थिक र वातावरणीय जोखिमहरूले व्यक्ति, समुदाय, सम्पत्ति वा प्रणालीहरूको संवेदनशीलता बढाउँछ ।◈

## १०. नेपालमा धुलो दूधको माग तथा आपूर्ति

दुग्ध उद्योगले दूध तथा दुग्ध पदार्थ तयार पार्न धुलो दूधको प्रयोग गर्ने गर्दछ । यस अतिरिक्त बिस्कुट, कन्फेक्सनरी, बेकरी जस्ता खाद्य उद्योगहरूले समेत धुलो दूधको प्रयोग गरिराखेको हुनाले नेपालमैं वार्षिक धुलो दूधको उत्पादन, नपुग हुने अवस्थामा आयात गर्नुपर्ने हुन्छ ।

कच्चा दूधबाट तयार हुने धुलो दूधको माग दुग्ध उद्योग, पोल्ट्री उद्योग, विस्कुट उद्योग, बेकरी र कन्फेक्शनरी उद्योग, आइसक्रिम र फ्रोजन डेर्जट जस्ता विभिन्न खाद्य पदार्थ उत्पादन गर्ने उद्योगहरूमा हुने गरेको पाइन्छ। समय समयमा नेपालमा बनेको धुलो दूध नपुगी आयात गर्नुपर्ने समेत देखिन्छ। बढी दूध उत्पादन हुने फ्लस सिजनमा कच्चा दूधलाई धुलो दूधमा कन्भर्जन गर्न नेपालमा ५ वटा धुलो दूध कारखानाहरू (बिराटनगर दुग्ध वितरण आयोजना, सूर्योदय मिल्क एण्ड वेभरेज प्रा.लि., खरीपाटी डेरी प्रा.लि., चितवन मिल्क लि. र सुजल डेरी प्रा.लि.) सञ्चालनमा रहेको छ भने २ वटा कारखानाहरू निर्माणाधिन अवस्थामा रहेको छ । नेपालले धुलोदूध आयात गर्न हाल बन्द गरेको भए तापनि अवैध आयात भैरहेको सुनिन्छ ।


दुग्ध उद्योगहरूले दही, स्टैण्डर्ड दूध, फ्लेवर मिल्क लगायत अन्य दुग्ध पदार्थ तयार पार्न तोकेको मापदण्ड पूरा गर्नका लागि धुलो दूधको प्रयोग हुन्छ । पौल्ट्रि फर्मले चल्लाहरूलाई खोप लगाउँदा औषधी पानीमा धुलोदूधको प्रयोग गरी चल्लाहरूको तनाव (Stress) न्युनीकरण गर्न प्रयोग गरेको पाइन्छ ।

आ.व. २०७५/०७६ मा धुलो दूध करिब रु. १,११,०८,६५,५२० बराबरको आयात भएको थियो । पछिल्ला वर्षहरूमा धुलो दूधको आयात घट्दै आ.व. २०७८/७९ मा करिब ३९,६१,८१,३१० रुपैयाँ बराबरको मात्र भएको देखिन्छ। त्यस्तै ल्याक्टोजिन, र फेरक्स ब्राण्डको भारतीय वेवी मिल्कस करिब ९५ करोड बराबरको आयात भएको पाइन्छ।

दुग्ध विकास संस्थान, नेपाल डेरी एशोसियसन, डेरी उद्योग संघ, नेपाल बिस्कुट उद्योग एशोसियसन, नेपाल आइसक्रिम उत्पादक उद्योग एशोसियसन, नेपाल ह्याचरी एशोसियसनको गरी कूल वार्षिक माग ७४५९.६ मे.टन अनुमान रहेको छ। नेपालमा सञ्चालनमा रहेका ५ वटा धुलो दूध कारखानाहरूबाट वार्षिक उत्पादन करिब ४६११ मे.टन रहेको देखिन्छ। ◈

# ११. राष्ट्रिय दुग्ध सूचना प्रणाली डाटावेश (Apps)


देशको समग्र दुग्ध क्षेत्रको विकासको लागि नीति, रणनीति र कार्यक्रम तर्जुमाको लागि आवश्यक पर्ने डेरी सम्बन्धित डाटाबेस सिर्जना गर्न आवश्यक छ । दूध उत्पादन, प्रशोधन, खरिद, विक्री, भुक्तानी आदि अद्यावधिक गर्न डाटाबेस आवश्यक महसुस गरी राष्ट्रिय दुग्ध विकास बोर्डले राष्ट्रिय डेरी डाटावेस विकास गरेको छ । डाटावेसले सरोकारवालाहरूका डेरी सम्बन्धि तथ्याङ्क नियमित रुपमा प्रविष्ट गर्न मोबाइल एपसँग लिङ्क गरी वेब पोर्टल पनि सिर्जना गरेको छ । यो App सञ्चालनमा आउन केही समय अझ लाग्ने देखिन्छ ।




राष्ट्रिय डेरी सूचना व्यवस्थापन प्रणाली (National Dairy Information System) राष्ट्रिय दुग्ध विकास बोर्डमा स्थापना गरी औपचारिक क्षेत्रका पशु फर्म, चिलिङ्ग सेन्टर, सरकारी, सहकारी, निजी दुग्ध उद्योगहरूमा प्रयोग गर्न सकिन्छ । यस Apps को प्रयोगले दूधको मूल्य, विक्री गरेका श्रृंखलाहरू र सो को परिमाणको लिंक देखिन्छ । डाटावेसको प्रयोग गरी दुग्ध क्षेत्रमा देखिने अस्वाभाविक दूध उत्पादनको उतार चढावलाई नियन्त्रण गर्न सहज हुने विश्वास लिइएको छ ।◈

# १२. दूधको गुणस्तर परीक्षण

दैनिक उत्पादन, प्रशोधन तथा विक्री हुने दूधको गुणस्तरमा असल उत्पादन अभ्यास अनुसार एकरुपता हुनुपर्दछ । सिजन, प्रशोधन विधि, प्राविधिकको दक्षता आदिले दूधको गुणस्तरमा प्रभाव पार्दछ । स्टेण्डर्ड प्रशोधित पाकेट दूधको चिल्लो पदार्थ ३:०० प्रतिशत, एस.एन. एफ. ८:०० प्रतिशत र मात्रा ५०० मि.लि. प्रत्येक पाकेटमा हुनुपर्ने खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागले तोकेको छ । दूधबाट बन्ने परिकारको गुणस्तर, पौष्टिकताको मात्रा दूधको चिल्लो पदार्थ तथा एस.एन.एफ. मा आधारीत प्रशोधित पाकेट दूधको गुणस्तर प्रयोगशाला परीक्षण बोर्डले नियमित गर्दै अएको छ ।




यस आ.व. मा उपत्यकाका विभिन्न दुग्ध उद्योगहरूको गरी जम्मा ११३७ नमूनाहरूको गुणस्तर परीक्षण गर्दा ५०० मि.लि. मात्रा, ३:०० प्रतिशत चिल्लो पदार्थ र ८:०० प्रतिशत एस.एन.एफ. क्रमशः ३१, २८ र २६ प्रतिशतमा मात्र रहेको थियो । दुग्ध उद्योगहरूले गुणस्तर कायम गर्न अनिवार्य ल्यावको स्थापना गर्नु पर्ने, प्राविधिक जनशक्तिको व्यवस्था गर्नुपर्ने र खाद्य ऐन, २०२३ लाई कार्यान्वयनमा ल्याउनुको साथै उपभोक्ताहरूको खाद्य स्वच्छता र गुणस्तरको सुनिश्चिततामा ध्यान दिनु पर्ने देखिन्छ । ◈

## १३. दूधको उत्पादन लागत मूल्य अध्ययन

कृषकस्तरमा दूधको मूल्य बढाउन सरोकारवाला निकायको सहभागितामा बोर्डले दूधको मूल्य निर्धारण गर्न एक उपसमिति गठन गरी कच्चा दूधको उत्पादन लागत, तथा व्यवस्थापन खर्च, श्रमिकको ज्याला, मुद्रास्फीति, बैंकका ब्याजदर, ईन्धनको मूल्य वृद्धि, दाना चोकरको मूल्य बृद्धि लगायतको चरहरूलाई आधार मानी उत्पादन लागत अध्ययन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गरेको थियो ।

नेपाल सरकार मन्त्री परिषदले ४ प्रतिशत चिल्लो पदार्थ (प्रति फ्याट रु.७.७५) र ८ प्रतिशत एस.एन.एफ. (प्रति एस.एन.एफ.रु. ४.५५) को प्रति लिटर न्युनतम समर्थन मूल्य रु. ६५ तोकी चैत्र, २०७९ बाट लागु भएको छ। यस अघि सोही गुणस्तरको दूधको कृषकस्तरीय न्युनतम समर्थन मूल्य प्रति लिटरको रु. ५६.०४ रहेको थियो। दुग्ध उद्योगहरूले ३.० प्रतिशत चिल्लो पदार्थ तथा ८.० प्रतिशत एस.एन.एफ. को प्रशोधित दूधको मूल्य प्रति लिटर ८६.०० रुपैंयाबाट बढाई उपभोक्ता मूल्य रु. १०० कायम गरेको देखिन्छ।

## १४. विश्व दूध दिवस, २०८०

विश्वभरी दूध दिवस मनाउने चलन विश्वमा खाद्य तथा कृषि संगठन (FAO) ले जुन १, २००१ वाट शुरु गरेको हो । संगठनका सदस्य राष्ट्रहरू विश्व दूध दिवस मनाउँदै आएको सन्दर्भमा नेपालले पनि सान् २०११ बाट मनाउन शुरु गरेको हो । दूध दिवस जुन १, २०२३ तद अनुसार १८ जेष्ठ २०८० मा राष्ट्रिय दुग्ध विकास बोर्डको संयोजकत्वमा सरोकारवाला निकायहरू पशु सेवा विभाग, राष्ट्रिय पशुपन्छी श्रोत व्यवस्थापन तथा प्रर्वद्धन कार्यालय, दुग्ध विकास संस्थान, डेरी उद्योग संघ, नेपाल डेरी एसोशिएसन, केन्द्रिय दुग्ध सहकारी संघ तथा केन्द्रिय पशुपन्छी मत्स्य सहकारी संघको सहभागितामा ३ दिनसम्म विभिन्न कार्यक्रमहरू गरी मनायो । "दुग्ध क्षेत्रको दिगो विकास, आर्थिक समृद्धिको आधार" नाराका साथ रिपोर्टर्स क्लवमा पत्रकार सम्मेलन गरी विश्व दूध दिवसको उपादेयता, उद्देश्य र दूधको महत्वको बारेमा प्रचारप्रसार (जेठ १६ गते) गरेको थियो ।

नेपाल डेरी एसोसिएसनले विश्व जेठ १७ गते नवकीरण अनाथ असहाय बाल उत्थान समाजमा दूध तथा दुग्ध पदार्थ सेवन गराउनुका साथै अनाथालयका ४५ जना बालबालिकाहरूको शिक्षाका लागि एक लाख रुपैंया नगद सहयोग पनि गरेको थियो। डेरी उद्योग संघले वृद्ध अवस्था व्यवस्थापन तथा सामाजिक कल्याण गुठी, आमाघर, सोल्टीमोडमा जेठ १७ गते दुग्ध पदार्थ सेवन गरी मनाएको थियो। त्यस्तै जेठ १८ गते विश्व दूध दिवस मुल समारोह कार्यक्रममा दुग्ध क्षेत्रमा अनवरत योगदान पुऱ्याउने सियाराम प्रसाद सिंह (वरिष्ठ डेरी विज्ञ), कृषकको तर्फबाट गोपाल श्रेष्ठ (नवलपुर), सहकारी संस्थाबाट जयकालिका महिला दुग्ध उत्पादक सहकारी संस्था (वारा), डेरी फर्मबाट राजदेवी पशुपालन सहकारी संस्था (सप्तरी) दुग्ध उद्योगबाट राजधानी डेरी (ललितपुर) र माता



पाथिभारा डेरी इण्डष्ट्रि (झापा), कृषि पत्रकारवाट सुरेश कुमार यादव (गोरखापत्र) लाई कदर पत्रवाट सम्मान गरेको थियो । राष्ट्रिय दुग्ध विकास बोर्डमा २० वर्ष सेवा पूरा गरेको बोर्डको अनुसन्धान अधिकृत राजेश डि.सी.लाई दीर्घसेवा पदकबाट सम्मान गरीएको थियो ।

त्यस्तै, प्रदेश दुग्ध विकास बोर्ड, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जिल्ला दुग्ध उत्पादक सहकारी संघ, दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध उद्योग लगायतका सरोकारवाला निकायहरूले विश्व दूध दिवस विभिन्न कार्यक्रमहरू गरी मनाएका थिए।

# १९. दुग्ध विकास कोष

राष्ट्रिय दुग्ध विकास बोर्डलाई २०५५ सालमा डेनिडा सपोर्ट प्रोजेक्टमार्फत ७२ वटा (१००० र २००० लिटर) चिलिङ्गभ्याट अनुदान सहयोग प्राप्त भएको थियो। कच्चा दूधको गुणस्तर कायम गर्न परल मूल्यको ५० प्रतिशत भुक्तानी हुने गरी भ्याट धितोको रुपमा राखेर सहकारी संस्था, दुग्ध उद्योगलाई उपलब्ध गराएको थियो। हालसम्म ५६ वटाको पूर्ण भुक्तानी भई बाँकी १५ वटा विभिन्न कारणबसले चल्न/चलाउन नसकेको अवस्था छ।

अन्य डेरी उद्योग, दुग्ध उत्पादक सहकारी संस्था, डेरी फर्मको संस्थागत विकासका लागि सहुलियत ब्याजदरमा उपलब्ध गराएको दुग्ध विकास कोषको ऋण रकम तथा जिन्सीको रुपमा उपलब्ध गराएको अघिल्ला चिलिङ्गभ्याट सहित आ.व. २०७९/२०८० सम्म ५४ वटा मध्ये २ वटा; वैरागी उजेली गाई फर्म (काठमाडौं) र सफल कृषि फर्म (बाँके) ले ऋण चुक्त गरेको छ भने ५ वटा संघ-संस्थाहरू जस्तै भिमेश्वर डेरी शप (कपन, काठमाडौं), तनहूं जिल्ला दुग्ध उत्पादक सहकारी संघ (तनहूँ), कञ्चनजंघा गाई फर्म (सूर्योदय, इलाम), बिन्धवासिनी डेरी उद्योग (बुढानिलकण्ठ) र डुमरवाना दुग्ध उत्पादक सहकारी संस्था (बारा) ले प्रिमियम बुझाएको छ। मौजुदा ५२ वटामा ऋण प्रवाह भएकोमा सावा र ब्याजसहित रु. ११११९०६७८.८७ (साँवा रु. ६७४७२२०२.७३ र ब्याज रु. ४३७१८४६४.१४) रहेको छ। आ.व. २०७९/०८० को अन्तसम्ममा सावा र ब्याज गरी जम्मा ६६०३११४.०० उठेको हुँदा गत वर्षको तुलनामा ६३.२० प्रतिशतले बढी उठेको लेखा शाखाको तथ्यांकबाट देखिन्छ।

**ऋण लगानीको सवल पक्ष**

- बोर्डको ऋण लगानी गरेको केही संस्थाहरूको भौतिक तथा पूँजीगत वृद्धि हुनुका साथै उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको पाइएको।
- ग्रामीण रोजगारी, उद्योग स्तरमा रोजगारी र डेरी क्षेत्रको श्रृँखलामा समेत रोजगारीको अवसर सृजना भएको।
- व्यवसायिकीकरणमा सहयोग पुग्नुका साथै केही छुर्पी, घिउ, चीज निर्यात प्रवर्द्धनमा सहयोग पुगेको।
- बोर्डको ऋण केही सहकारी संस्थाहरू जस्तै तनहूँ जिल्ला दुग्ध उत्पादक सहकारी संघ, डुमरवाना दुग्ध उत्पादक सहकारी संस्था (वारा), बाग्लुङ्ग जिल्ला दुग्ध उत्पादक सहकारी संघ (बाग्लुङ्ग), सप्त गण्डकी दुग्ध उत्पादक सहकारी संस्था (पोखरा, कास्की) आदि उद्योगमा समेत परिणत भई हजारौंको संख्यामा रोजगारी सृजना हुनुका साथै गरिबी न्युनीकरणमा सहयोग पुगेको छ।


**सीमितता**

- दुग्ध क्षेत्रमा मौसमी प्रभावको कारण उत्पादन घट्ने, वजार व्यवस्था सुनिश्चित नहुने, वित्तिय संस्थाको लगानी प्राथमिकतामा नपर्ने आदिको कारणले केही ऋणीहरूले समयमा सावा तथा ब्याज तिरी राखेको छैन।
- अघिल्ला ऋणीहरूको कर्जा सुरक्षणका लागि राखिने धितो उपलब्ध गराएको चिलिङ्गभ्याट रहेकोले कर्जा सुरक्षणको सुनिश्चितता भरपर्दो नभएको।
- वि.सं. २०७२ सालको महाभूकम्पको प्रभावले उत्पादन तथा उत्पादकत्वमा कमी आई ऋण भुक्तानीमा समेत असर परेको।
- COVID-19 को प्रभाव वर्षौसम्म नेपाल बन्द गर्नु परेकोले दुग्ध क्षेत्र नराम्रो रुपले प्रभावित भई ऋण भुक्तानीमा समेत असर परेको।
- दश वर्षे जनयुद्ध (२०५३-२०६३) को प्रभाव दुग्ध क्षेत्र पनि बन्दाबन्दी गर्नु परेको हुनाले ऋण भुक्तानीमा असर परेको। ◈

## १६. सिप विकास तालिम

दीगो विकासको लक्ष्य हाँसिल गर्न दिनानुदिन प्रविधिहरूको विकास तीव्र रुपमा भैरहेको सन्दर्भमा आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बोर्डले शिप विकास तालिमहरू गरेको छ । दुग्ध क्षेत्रका कर्मचारी, कृषक, प्राविधिकहरूको क्षमता विकासका लागि चिलिङ्भ्याट, मिल्क एनालाइजर, दुग्ध पदार्थ उत्पादन विविधिकरण, कम लागतमा दुग्ध उत्पादन, ल्याव परीक्षण प्रयोगशाला तालिमहरू दिएका थिए । तालिम पश्चात् सहभागीहरूले आफ्नो कार्यालयमा फर्केर सिकेका प्रविधिक पक्षलाई प्रयोगमा ल्याई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सक्ने छ ।

तालिममा कूल २२८ सहभागी मध्ये (Table 2) लैंगिक आधारमा महिलाको सहभागिता करिब १७ प्रतिशत रहेको थियो भने बाँकी ८३ प्रतिशत पुरुषको थियो । दलित महिला तथा पुरुष सबैभन्दा कम थियो। जनजाति मध्ये महिलाको भन्दा पुरुष ५.० गुणाले बढी थियो भने अन्य जातिको हकमा महिलाभन्दा पुरुष करिब ६.० गुणले बढी थियो । दलित र गैह्र दलितको अनुपात १:४४.६ देखिन्छ ।◈




## १७. पशुपालन तथा दूध उत्पादन (२०७८/०७९)

दूध उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न नेपाल सरकारले अगाडि बढाएको गाई भैंसीमा कृत्रिम गर्भाधान, घाँस विकास कार्यक्रम, पशुपालन व्यवस्थापन आदि कार्यक्रमहरू हुन् । आ.व.२०७६/७७ मा गाईको कूल दूध ९२०४०० मे.टन. बाट वर्ष २०७७/०७८ मा १०६०४८७ मे.टन भई करिब १५.२२ प्रतिशतले वृद्धि भएको छ भने २०७८/०७९ मा ११०१८१२ मे.टन भई करिब ३.८९ प्रतिशतले मात्र वृद्धि भएको छ ।

यस्तै आ.व. २०७६/७७ मा भैंसीको कूल दूध १३८०६०० मे.टनबाट आ.व. २०७७/०७८ मा १४१९४१२ मे.टन भई करिब २.८१ प्रतिशतले वृद्धि भएको छ भने आ.व. २०७८/०७९ मा १४६८८०२ मे.टन भई करिब ३.४८ प्रतिशतले बढेको छ । गाई र भैंसीको गरी कूल दूध सोही अवधिमा २३०१००० मे.टनबाट २४७९८९९ मे.टन भई ७.७७ प्रतिशतले वृद्धि भएको छ भने अ.व. २०७८/०७९ मा २५६६६१४ मे.टन उत्पादन भई ३.५० प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ । मौजुदा गाई र भैंसीको कूल दूध उत्पादनमा ४३:५७ प्रतिशतको योगदान रहेको छ ।◈

## १८. कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीलाई बोर्डमा स्वागत

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री एवं राष्ट्रिय दुग्ध विकास बोर्डका अध्यक्ष डा. बेदु राम भुषालज्यूलाई मिति २०७९ चैत्र २७ गते बोर्डमा एक कार्यक्रमको आयोजना गरी स्वागत गरियो । साथमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी तर्फ) सचिब डा. दिपक कुमार खराल तथा कृषितर्फका डा. गोबिन्द प्रसाद शर्माज्युको समेत उपस्थिति रहेको सो कार्यक्रममा बोर्डका का.मु.उप-कार्यकारी निर्देशक डा. बालक चौधरीले दुग्ध क्षेत्रको अवस्थाबारे प्रस्तुतिकरण गरेका थिए । माननीय मन्त्रीज्यूबाट दुग्ध क्षेत्रको अवस्थाबारे जानकारी लिनु हुँदै बोर्डको भूमिका विस्तारमा लिखित रूपमा पेश गर्न निर्देशन भएको थियो ।◈



## १९. केन्द्रिय दुग्ध सहकारी संघको अध्यक्षमा अमर बहादुर कुँवर

मिति २०७९ साल पुस ३ गते सम्पन्न केन्द्रिय दुग्ध सहकारी संघको २८ औं वार्षिक साधारण सभाले अमर बहादुर कुँवरलाई ४ वर्षको लागि निर्विरोध अध्यक्ष पदमा निर्वाचित गरेको छ । यसअघि श्री कुँवर वरिष्ठ उपाध्यक्षको पदमा ८ वर्ष काम गरिसक्नु भएको छ । वि.सं. २०५० सालदेखि श्री कुँवरले लगातार २१ वर्ष र थप अर्को ४ वर्ष गरी जम्मा २५ वर्षसम्म तनहूँ जिल्ला दुग्ध उत्पादक सहकारी संघको अध्यक्ष



रहिसक्नु भएको छ । संघले एक अनुभवी, कर्तव्यनिष्ठ अध्यक्ष पाएको छ । संघको स्थायी कार्यालयको निर्माण गर्ने, जिल्ला दुग्ध सहकारी संघ, दुग्ध उत्पादक सहकारी संस्था, राष्ट्रिय दुग्ध विकास बोर्ड, प्रदेश डेरी बोर्ड, दुग्ध विकास संस्थान, डेरी उद्योग आदिसँग केन्द्रिय दुग्ध सहकारी संघको डेरी भ्यालु चेन मजबुत पार्ने जस्ता विषयलाई प्राथमिकतामा राखेको श्री कुँवरले बताउनु भयो ।◈

## २०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छीतर्फ) सचिवमा डा. रेवती रमण पौडेल

कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा (पशुपन्छीतर्फ) श्रीमान् सचिव एवं बोर्डको उपाध्यक्ष डा. रेवती रमण पौडेलज्यू हुनु भएको छ । यस अघि वहाँ वन मन्त्रालयमा सचिव हुनुहुन्थ्यो । त्यस्तै कृषि तथा पशुपन्छी विकास मन्त्रालयका पशुपन्छी तर्फका सचिव डा. दीपककुमार खराललाई वन मन्त्रालयमा सरुवा गरिएको



छ । खरालको विज्ञता वनतर्फको तथा पौडेल कृषितर्फको भएको हुदा दुवैलाई साविकको मन्त्रालयमा सचिवको पदमा काम गर्ने अवसर प्राप्त भई विकास कार्यमा अझ बल पुग्ने सर्वसाधारणले आशा गरेको छ ।◈

## २१. पशु सेवा विभागको महानिर्देशमा डा. उमेश दाहाल

नवनियुक्त पशुसेवा विभागका महानिर्देशक डा. उमेश दाहाल बोर्ड ऐन, २०४८ को दफा ७ (२) अनुसार राष्ट्रिय दुग्ध विकास बोर्डको सञ्चालक समितिको पदेन सदस्य हुनु भएको छ । डा. दाहाल यस अघि नेपाल लाइभष्टक सेक्टर इनोभेसन आयोजनाको आयोजना



प्रमुख हुनु हुन्थ्यो । नेपाल सरकारले २०८० जेठ १५ गते बजेटमार्फत् खारेज गरेको बोर्ड दुग्ध क्षेत्रमा अझ आवश्यकता महसुस गरी पुनर्स्थापना भएकाले बोर्डको उद्देश्य, काम, कर्तव्य पूरा गराउनमा डा. दाहालको सहयोग हुने अपेक्षा गरिएको छ ।◈

प्रकाशकः

**राष्ट्रिय दुग्ध विकास बोर्ड**

हरिहरभवन, पुल्चोक, ललितपुर, पो.ब.नं.: ५९०१, काठमाडौं, फोनः ०१-५५२५४००, ५५४२७४१, फ्याक्सः ०१-५५३२०९६

ईमेलः nddbnepal@mail.com वेवसाइटः www.nddb.gov.np